# बिरामीका अधिकार तथा जिम्मेवारीहरू

**Corewell Health मा, हामीले सबै बिरामी र परिवारका लागि असाधारण अनुभव प्रदान गर्न चाहन्छौँ। हामी तपाईंले उच्च गुणस्तर, व्यक्तिगत स्याहार प्राप्त गर्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न तपाईंसँग साझेदारी गर्न चाहन्छौँ।**

**बिरामीहरूसँग स्याहार, सम्मानजनक, व्यक्तिगत, गुणस्तरीय स्याहार प्राप्त गर्ने अधिकार छ**

- Corewell Health मा स्वास्थ्य स्याहार प्रदायकहरूले जातीय, रङ, लिङ्ग, लैङ्गिक पहिचान र अभिव्यक्ति, राष्ट्रिय मूल, धर्म, असक्षमता, उमेर, HIV को स्थिति, लिङ्ग, यौन झुकाव, जाति वा सेवाहरूका लागि भुक्तानीको स्रोत वा संघीय, राज्य वा स्थानीय कानुनद्वारा निषेधित कुनै अन्य आधारलाई ध्यान नदिइकन सबै मानिसहरूलाई स्वागत, सम्मान र सेवा गर्ने छ। बिरामीहरूलाई उनीहरूका लैङ्गिकता परिचयसँग मिल्ने तरिकामा उपचार गरिने छ।
- उनीहरूको स्याहार सधैं व्यावसायिक र सम्मानजनक रूपमा प्रदान गरिने छ।
- बिरामीको सीमित अङ्ग्रेजी प्रवीणता छ वा श्रवणशक्ति कमजोर छ भने सङ्केत र बोल्ने भाषा सेवाहरू नि:शुल्क हुन्छ।
- आवश्यकतानुसार उपचार, सेवा र सिफारिस। हामीले बिरामीको चिकित्सासम्बन्धी आवश्यकताहरू पूरा गर्न सकेनौँ भने, हामी अर्को सुविधास्थलमा जाने व्यवस्था गर्ने छौँ। बिरामीलाई अर्को सुविधास्थलमा लैजानुपर्ने कारणबारे पूरा जानकारी दिएपछि उपचारका लागि अन्य विकल्पहरू प्रस्ताव गरेपछि पनि उनीहरूले अर्को सुविधास्थलमा नजाने छनोट गरेमा मात्र सिफारिसहरू दिइने छ। बिरामी प्राप्त गर्ने सुविधास्थलले अर्को सुविधास्थलबाट आउने बिरामीलाई स्वीकार गर्न सहमत हुनुपर्छ।
- बिरामीको पास्टर, पुजारी, रब्बी, भिक्षु वा अन्य धार्मिक नेतृत्वकर्ता वा उपलब्ध भएमा Corewell Health को पास्टरल स्याहारसम्बन्धी सेवाहरूबाट चाहेअनुसार पास्टरल/आध्यात्मिक स्याहार प्रदान गर्न हरेक प्रयास गरिने छ।
- उजुरी दायर गर्ने र विवाद, तर्क वा द्वन्द्व कसरी समाधान गर्ने भनेर बताउन। स्रोतहरूमा बिरामीको सम्बन्ध, आचार समिति र कानुनद्वारा आवश्यक अन्य नियामक निकायहरू जस्ता सेवाहरू समावेश छन्।
- आवश्यकतानुसार सुरक्षा र वकालत सेवाहरू प्रयोग गर्न सक्षम हुन

आफ्नो रोजाइको परिवार सदस्य वा प्रतिनिधि राख्न र आफ्नो चिकित्सकलाई अस्पतालमा भर्नाबारे तुरुन्तै सूचित गराउन;

- असक्षमता भएका व्यक्तिहरूका लागि सञ्चार र इलेक्ट्रोनिक र सूचना प्रविधिमा समान पहुँच।

**बिरामीहरूसँग आफ्नो उपचार र स्वास्थ्य स्याहार टोलीको बारेमा जानकारी प्राप्त गर्ने अधिकार छ**

बिरामीले स्वास्थ्य स्याहार टोलीले निम्न कुरा उपलब्ध गराउने अपेक्षा गर्न सक्छन्:

- निदान र उपचारबारे स्पष्ट व्याख्या।
- विशेष उपचार वा प्रक्रियाहरूको बारेमा जानकारी, उनीहरूको फाइदा तथा जोखिम र यी उपचारहरूका लागि चिकित्सकीय रूपमा उचित विकल्पहरू।
- बिरामीको स्याहारको जिम्मामा रहेको चिकित्सकको नाम र व्यावसायिक शीर्षक र अन्य स्वास्थ्य सेवा प्रदायकहरूको नाम र शीर्षकहरू।
- बिरामीहरूको चिकित्सक वा उनीहरूको डिजाइनीका अनपेक्षित नतिजासहित उपचारका नतिजाहरू।
- उनीहरूको चिकित्सा रेकर्डमा पहुँच। बिरामीलाई आफ्नो चिकित्सक वा डिजाइनीसँग आफ्नो रेकर्ड समीक्षा गर्न प्रोत्साहन गरिन्छ। बिरामीसँग उचित शुल्कमा आफ्नै चिकित्सा रेकर्डको प्रतिलिपि माग्ने र प्राप्त गर्ने अधिकार पनि छ।
- बिरामीको चार्ट वा अन्य व्यक्तिगत स्वास्थ्य जानकारी तेस्रो पक्षहरूलाई मात्र बिरामीले अनुमोदन गरेपछि (उपचार, भुक्तानी वा स्वास्थ्य सेवाका सञ्चालनहरूका लागि कानुनले आवश्यक ठानेको वा अनुमति दिएकोबाहेक)।

**बिरामीहरूसँग आफ्नो स्याहारको बारेमा निर्णयहरू लिने अधिकार छ**

बिरामी वा उनीहरूको कानुनी रूपमा निर्दिष्ट गरिएको प्रतिनिधिले निम्न कुरा अपेक्षा गर्न सक्छन्:

- सहभागी हुन र आफ्नै स्वास्थ्य स्याहार र स्याहार योजनाबारे निर्णय गर्न।
- बिरामीको सुरक्षा रणनीतिअनुसार उनीहरूको स्याहारमा सक्रिय संलग्नता लिन प्रोत्साहित गर्न।
- कानुनले अनुमति दिएको हदसम्म चिकित्सा स्याहार र उपचार स्वीकार गर्ने वा अस्वीकार गर्ने छनोट र यी निर्णयहरूको चिकित्सा नतिजाहरूको बारेमा बताउन।
- अग्रिम निर्देशन पूरा गर्ने अवसर र यो कानुनद्वारा अनुमति दिइएको हदसम्म पालना गरिने छ। अनुरोध गरिएमा, अस्पताल र स्याहार टोलीले बिरामीलाई अग्रिम निर्देशन तयार गर्न मद्दत गर्न सक्छ।
- आफ्नो अनुरोध र खर्चमा, अन्य चिकित्सकद्वारा दोस्रो विचार लिने अधिकार छ।
- आचार समितिको सुझाव वा विचार प्राप्त गर्न।
- कुनै पनि वा सबै परिवारका सदस्य वा अन्य महत्त्वपूर्ण मानिसहरूलाई उनीहरूको स्याहारको संलग्नतामा सामेल गर्ने वा निष्कासन गर्ने निर्णयहरू गर्न।
- जीवनको अन्तिम स्याहारको बारेमा जानकारी प्राप्त गर्न।
- उनीहरूको बिल, वित्तीय सहायता र भुक्तानी विकल्पहरूको स्पष्टीकरण। बिरामीहरूसँग भुक्तानीकर्तालाई ध्यानमा नराखी आफ्नो बिलको प्रतिलिपि प्राप्त गर्ने अधिकार छ।

**बिरामीहरूसँग राज्य-नियमित स्वास्थ्य योजनाहरूमा बिरामीहरूका लागि सहज र सुरक्षित Michigan राज्य कानुन हुने अधिकार छ।**

उनीहरूले निम्न कुराको अपेक्षा गर्न सक्छन्:

- दुरुपयोग र उत्पीडनमुक्त सुरक्षित र प्रभावकारी वातावरणमा स्याहार प्रदान गर्न। बिरामी र/वा अन्य मानिसको सुरक्षा गर्न आपतकालीन अवस्थामा मात्र रासायनिक वा भौतिक प्रतिबन्धहरू प्रयोग गरिने छ।
- उनीहरूको दुखाइको निरन्तर मूल्याङ्कन गर्न र दुखाइ व्यवस्थापन गर्ने योजनाहरूमा संलग्न हुन।

बिरामीले निम्न कुराहरू अपेक्षा गर्न सक्छन्:

-दुखाइ र दुखाइबाट राहत मिल्ने विकल्पहरूको बारेमा जानकारी पाउन।
-पीडा रोक्न समर्पित सम्बन्धित कर्मचारी।
-पीडाका जानकारी गराउदा तुरुन्तै प्रतिक्रिया जनाउने स्वास्थ्य पेशेवरहरू।

- व्यक्तिगत ठाउँ र उनीहरूको अवस्थाअनुसारको कपडाको माध्यमबाट बिरामीको मर्यादा कायम राख्ने स्थानमा स्याहार प्राप्त गर्न।
- सुझाव गरिएका प्रक्रिया वा उपचारहरूको प्रयोगात्मक प्रकृतिको बारेमा बताउन र उनीहरूको स्याहारमा असर नपुर्‍याइकन ती उपचारहरूलाई अस्वीकार गर्ने अधिकार छ।
- दृश्यात्मक निरीक्षण (आइडी ब्यान्ड वा अन्य कागजातहरू) मार्फत उनीहरूको नाम र जन्ममितिको प्रमाणीकरण र बिरामीलाई कुनै चिकित्सा उपचार वा हस्तक्षेप प्रदान गर्नुअघि मौखिक स्वीकृति।
- सुरक्षाबारे चिन्ताहरूसहित चिन्ताहरू कसरी जानकारी गराउने भन्ने बारेमा जानकारी प्राप्त गर्न र प्रतिशोधविना त्यसो गर्न प्रोत्साहित गर्न

**बिरामीहरूसँग गोप्यता र गोपनीताको अधिकार छ**

उनीहरूले निम्न कुराको अपेक्षा गर्न सक्छन्:

- व्यक्तिगत चिकित्सा जानकारीको गोपनीयतासहित व्यक्तिगत गोपनीयता।
- अस्पतालसँग आधिकारिक रूपमा आवद्ध नभएको कसैसँग कुरा गर्न वा भेट्न अस्वीकार गर्ने अधिकार। यसमा आगन्तुक वा स्याहार प्रदान गर्न प्रत्यक्ष रूपमा संलग्न नभएका अन्य मानिसहरू समावेश छन्।
- गोप्य कुराकानीका लागि टेलिफोनको प्रयोग गर्न।
- दृश्य र आवाजमा उचित गोपनीयता उपलब्ध गराउने सेटिङमा अन्तर्वार्ता र परीक्षण गर्न।
- अनुरोध गरिएको भएमा परीक्षा वा प्रक्रियाहरूको समयमा समान लिङ्गको व्यक्तिलाई उपस्थित गराउन।
- चिकित्सा प्रयोजनहरूका लागि आवश्यक भएसम्म मात्र वस्त्रहिन रहन।
- पहिचान, निदान र उपचारबाहेक अन्य कुनै पनि उद्देश्यका लागि प्रयोग गरिने कुनै पनि फिल्मिङ वा रेकर्डिङका लागि लिखित सहमतिका लागि सोध्न।

**बिरामीका उत्तरदायित्वहरू**

निम्न बिरामीका जिम्मेवारीहरू हुन्:

- निम्नसहित पूर्ण, सही र इमानदार चिकित्सा इतिहास र जानकारी उपलब्ध गराउने:
  - तपाईंको रोगको प्रकृति।
  - विगतका रोग र अस्पताल भर्नाहरू।
  - विशिष्ट समस्या, लक्षण, दुखाइ वा चिन्ताहरू।
  - औषधि (प्रिस्क्रिप्शन, ओभर द काउन्टर र हर्बल) इतिहास, (डोज र अवृतिसहित), औषधिहरूका प्रतिक्रियाहरू (खाद्य पदार्थ र लेटेक्स) र चिन्ताहरू।
  - तपाईंको चिकित्सा अवस्थामा भएका परिवर्तनहरू, जहिले पनि हुन्छन्।
- तपाईंले उपचार योजना र योजनामा तपाईंको भूमिका बुझ्नुभएको छैन भने बोल्नुहोस् र प्रश्नहरू सोध्नुहोस्।
- तपाईंको स्याहारका बारेमा सूचित निर्णयहरू लिनुहोस्।
- तपाईं र तपाईंको स्वास्थ्य स्याहार टोलीबिच व्यवस्था मिलाइएका सिफारिस, सुझाव र उपचार पाठ्यक्रम पालना गर्नुहोस्।
- निम्न जस्तै गुणस्तरीय स्याहार र सुरक्षित वातावरणलाई समर्थन गर्न बिरामीको स्याहार र आचरणको बारेमा Corewell Health का नियमहरू पालना गर्नुहोस्:
  - अन्य बिरामी र Corewell Health कर्मचारी र सम्पत्तिका अधिकारहरूको सम्मान गर्ने।
  - हाम्रो सुर्तीजन्य पदार्थ मुक्त वातावरण नीति पालना गर्ने।
  - तपाईंको स्याहारको इन्चार्ज चिकित्सकको नाम जान्ने।
- उपलब्ध गराइएको स्याहारका लागि भुक्तानीका स्रोतहरूको बारेमा पूर्ण, सही र समयमै जानकारी उपलब्ध गराउनुहोस् र समयमै वित्तीय दायित्वहरू पूरा गर्नुहोस्। हामीले यो जानकारी सङ्कलन गर्दा आपतकालीन स्याहारमा ढिलाइ हुने छैन।
- तपाईंले उपचार अस्वीकार गर्नुभयो वा स्वास्थ्य स्याहार प्रदायकका निर्देशनहरू पालना गर्नुभएन भने चिकित्सा परिणामहरूका लागि जिम्मेवारी स्वीकार गर्नुहोस् र पहिचान गर्नुहोस्।

**सरोकार र उजुरीहरू**

तपाईंसँग कुनै चिन्ता वा गुनासो छ भने, हामी तपाईंको सुनुवाइलाई महत्व दिन्छौँ र तपाईंलाई बिरामी सम्बन्ध विभागमा सम्पर्क गर्न प्रोत्साहन दिन्छौँ। हामी तपाईं र तपाईंको परिवारसँग तपाईंका सरोकारहरूलाई सम्बोधन गर्न र समाधान गर्न काम गर्ने छौँ। तपाईं चाहानुहुन्छ भने, तपाईंसँग कुनै पनि समयमा Michigan राज्य वा संयुक्त आयोगमा उजुरी दर्ता गर्ने अधिकार छ।

Corewell Health बिरामी सम्बन्ध
**844.403.0429**

राज्य इजाजतपत्र एजेन्सीलाई सम्पर्क गर्न:
Licensing and Regulatory Affairs
Bureau of Community and Health Systems
Health Facilities Division
P.O. Box 30664,
Lansing, MI 48909

Michigan राज्य उजुरी हटलाइन:
**1.800.882.6006**

अस्पताललाई मान्यता दिने संस्थालाई सम्पर्क गर्न:
The Joint Commission
**jointcommission.org**
("बिरामी सुरक्षा घटना जानकारी गराउनुहोस्" report a Patient Safety Event लिङ्क प्रयोग गर्नुहोस् जुन गृह पृष्ठमा Action Center "कार्य केन्द्र" मा पाउनु हुने छ)
पत्रद्वारा:
Office of Quality Monitoring
One Renaissance Boulevard
Oakbrook Terrace, IL 60181
फ्याक्स: **630.792.5636**

नागरिक अधिकार कार्यालयमा सम्पर्क गर्न:
Michigan Department of Civil Rights
350 Ottawa Avenue NE
Grand Rapids, MI 49503
**1.800.482.3604**

Corewell Health © 10.2023